मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्याः ०८३/८४
च. नं.

मितिः २०८३/०६/२२
ने. स. ११४६

## मासु पसल सञ्चालन इजाजतपत्र लिने सम्बन्धी सूचना ।

नेपाल सरकारले मिति २०८३ भदौ १ गते नेपाल राजपत्रमा प्रकाशित भए बमोजिम सूचना अनुसार काभ्रेपलाञ्चोक जिल्लाका नगरपालिकाहरुमा मिति २०८३/१०/०१ गतेदेखि पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागू हुने गरी सूचना प्रकाशन गरेको छ। सो सन्दर्भमा पशु वधशाला र मासु जाँच नियमावली, २०५७ को नियम ५ र ८ बमोजिम आवश्यक मापदण्ड पूरा गरी मासु पसल सञ्चालनका लागि इजाजत पत्र यही मंसिर महिनासम्ममा लिईसक्नुपर्ने भएकोले सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची-३ बमोजिम मासु पसल सञ्चालन गार्नको लागि दिइने दरखास्त फारम भरी पशुपन्छी सेवा शाखा, मण्डनदेउपुर नगरपालिकामा पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ।

### निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु

(क) नागरिकताको प्रमाण पत्र।
(ख) स्वस्थ मासु उत्पादन सम्बन्धी तालिम लिएको प्रमाणपत्र।
(ग) अन्य कुनै क्षेत्रमा कार्य गर्दै गरेको भए सोको प्रमाणित कागजात।
(घ) मासु बिक्रीको काम गर्ने एक परिवारका अन्य सदस्य भए दुवैको नाम र फोटो।

### मासु पसलको मापदण्ड

पशु वधशाला र मासु जाँच नियमावली, २०५७ को नियम ८ र पशु वधशाला र मासु जाँच प्राविधिक निर्देशिका, २०६४ को दफा ५ बमोजिमको व्यवस्था

१. आफ्नो पसलबाट बिक्री गरिने मासु चेकजाँच गरी छाप लगाइएको हुनुपर्ने,
२. छाप लगाइएको मासुको अंश बिक्रीको अन्तिम समयसम्म देखिने गरी राखु पर्ने,
३. मासुमा पानी छर्कन वा मासु पानीमा डुबाउन वा पानीमा भिजाइएको कपडाले छोप्न नपाइने,
४. मासु झुण्ड्याउँदा छाना, भित्ता, भुईं वा खम्बामा नछुने गरी झुण्ड्याउनुपर्ने,
५. मासु तौलने ढक तराजुहरू अन्य वस्तु वा भुईंमा लसपस नहुने गरी राखुपर्ने,
६. प्रयोग नभएको अवस्थामा अचानो तथा टेबल सफासँग रहने गरी छोप्नुपर्ने,
७. मासुमा कुनै प्रकारको रंग, औषधि वा रसायन प्रयोग गर्न नपाइने,

मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्याः ०८३/८४
च. नं.

मितिः २०८३/०६/२२
ने. स. ११४६

८. वध गरिएको पशुको भित्रीआँश, आन्द्रा, भुँडी, टाउको, खुरी, रती जस्ता भाग मासु पसलमा नै राखी बिक्री गर्न चाहेमा मासुसँग लसपस नहुने गरी अलग्गै राखी बिक्री गर्नुपर्ने।

९. मासु पसल देहाय बमोजिम निर्माण गरिएको हुनुपर्नेः-

(क) पर्याप्त क्षेत्रफल भएको र फोहोर वा पानी नजम्ने र नसोष्ने गरी सजिलैसँग सफा गर्न सकिने, किरा, मुसा प्रवेश गर्न नसक्ने गरी बनाइएको,

(ख) स्वच्छ र सफा पानीको पर्याप्त व्यवस्था भएको,

(ग) पसलको भित्ता पक्का खालको र सजिलैसँग सफा गर्न सकिने तथा सिलिङ धुलो मैलो नखस्ने र पानी नतात्किने गरी बनाइएको,

(घ) खेर गएको मासुका टुक्रा, तरल पदार्थ वा अन्य पदार्थ सहज किसिमले तह लगाउने व्यवस्था मिलाइएको,

(ङ) बिक्री गर्न राखिने मासु झुण्ड्याउन हुकको व्यवस्था भएको,

(च) मासु पसलमा उपभोक्ताले अर्कै स्थानबाट हेर्न सक्ने व्यवस्था भएको,

(छ) बिक्री कक्षमा कोल्डचेनको व्यवस्था लागि कम्तिमा फ्रिजको व्यवस्था भएको,

(ज) पसलमा निस्कने फोहोर व्यवस्थित तरिकाले तह लगाउन सकिने।

थप जानकारीका लागी
डा. उरुषा घिमिरे- ९८२३८४९२५२
रुपेश कुमार यादव- ९८६७९८९१७३

(अमृत कुमार धिताल)
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

मासु पसल सञ्चालन गर्नको लागि दिइने दरखास्त फाराम

श्री अध्यक्ष/प्रमुखज्यू मिति:

. . . . . . . .. .

. . . . . . . .. .

विषय: मासु बिक्री पसल राख्न इजाजत पाउँ ।

मैले/हामीले निम्न ठेगानामा मासु बिक्री गर्ने पसल स्थापना गरी सञ्चालन गर्न लागेको हुँदा सो कार्यको लागि इजाजतपत्र पाउँन यो निवेदन पेश गरेको छु/छौं ।

प्रचलित कानून तथा पशु वधशाला र मासु जाँच ऐन,२०५५ र पशु वधशाला र मासु जाँच नियमावली, २०५७ को परिधि भित्र रही काम गर्नेछु/छौं ।

निवेदकको,

नाम:

सही:

ठेगाना:

मासु पसल राखिने ठाउँको ठेगाना:

प्रदेश:

जिल्ला:

नागरपालिका/गाउँपालिका:

वडा नं.:

बिक्री गरिने मासुको किसिम: